
# आर्थिक बर्ष २०८१।८२ को वित्तिय तथा भौतिक प्रगती



**तातोपानी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लिताकोट, जुम्ला**


तयार गर्ने

ओम बहादुर चन्द

शाखा अधिकृत

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

# स्वागतम




<u>प्रस्तुतकर्ता</u>

तीर्थ बहादुर कठायत

प्रमुख प्रशासकीय अधिकृत

*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

# प्रस्तुतिका विषयवस्तु


- गाउँपालिकाको संक्षिप्त परिचय
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विवरण
- आर्थिक बर्ष २०८२।०८३ को बार्षिक बजेट
- विगत ३ बर्षको बजेट र खर्च
- बजेट र खर्च (चालु/पुँजिगत)
- योजनाहरुको प्रगति
- विषयगत शाखाहरुको प्रगति विवरण
- समस्या र चुनौति
- आगामी कार्ययोजना

# गाउँपालिकाको संक्षिप्त परिचय:

## भौगोलिक अवस्थिति:

- २८°५८' देखि २९°३०' उत्तरी अंक्षाश सम्म,
- ८१°५१' देखि ८२°३५' पूर्वी देशान्तर सम्म




क्षेत्रफल: ५२५.५१ वर्ग कि.मि.

गाउँपालिकाको नक्सा

जनसंख्या




१५,७७५

*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

**परिवारको औषत आकार:** ४.६९

**लैङ्गिक अनुपात:** ९७.७५

**बार्षिक जनसंख्या वृद्धिदर:** ०.६०

**जनघनत्व:** ३० जना प्रति वर्ग कि.मि.

**साक्षरता दर:** ७०.२७ प्रतिशत

**महिला:** ६२.७२%

**पुरुष:** ७८.४०%

**परिवार संख्या:** ३३१८

*स्रोत: CBS 2078*

## तातोपानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लिताकोट, जुम्ला








❑ सामुदायिक विद्यालयको संख्या: २९

❑ संस्थागत विद्यालय: २

❑ जम्मा विद्यार्थी संस्या: ५१४६

❑ जम्मा शिक्षक संख्या: १६६




❖ स्वास्थ्य चौकी: ४
❖ आधारभुत स्वास्थ्य सेवा केन्द्र: ४
❖ सामुदायिक स्वास्थ्य ईकाइ: १

➢ आफ्नै भवन बाट सेवा प्रवाह गर्ने वडा कार्यालय: ५ वटा
➢ निर्माणाधिन: १ वटा
➢ सामुदायिक भवन बाट सेवा प्रवाह गर्ने: १ वटा

**नीजि बैंक: १**





गाउँपालिकामा दर्ता भएका सहकारी: ९

सहकारी डिभिजन कार्यालयमा दर्ता भएका सहकारी संख्या: २६

क्रमश......

*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

# कर्मचारीहरुको विवरण:



तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला


# बजेट



आ.व. २०८२।०८३

सङ्घीय/प्रदेश सरकारबाट प्राप्त अनुदान
३७ करोड ९० लाख ९१ हजार
७३.४६%

आन्तरिक आय
३ करोड ९९ लाख ९६ हजार
६.४०%



सङ्घीय/प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड
१० करोड ३८ लाख ९५ हजार
२०.१४%

पुँजीगत खर्च
१७ करोड ४५ लाख ५६ हजार
३३.८४%

चालु खर्च
३४ करोड १४ लाख १७ हजार
६६.१६%




**कूल बजेटः ५१ करोड ५९ लाख ८२ हजार ४ सय १२**

*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला




# तातोपानी गाउँपालिकाको विगत ३ बर्षको बार्षिक बजेट तथा खर्च






**कुल १ अर्ब ७२ करोड ३७ लाख ५० हजार**

*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लितकोट, जुम्ला

## आर्थिक बर्ष २०८१।०८२ को वार्षिक बजेट









**५५ करोड ३३ लाख ६४ हजार ३ सय ६७ रुपैंया मात्र।**


*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

# वित्तिय प्रगती



बजेट
खर्च
१७४३१५०००
१३२०५४५२८
३५५७६४५०९
३०००१४३०४
पुँजीगत
चालु


खर्च प्रतिशत
७५.७६%
८४.३३%
चालु
पुँजीगत


# क्षेत्रगत बजेट तथा खर्चको विवरण



# योजनाहरुको विवरण:





| | वित्तीय समानिकरण | प्रदेश सशर्त | सङ्घीय सशर्त | सङ्घीय विशेष |
|---|---|---|---|---|
| योजना संख्या | १२३ | १४ | ४ | १ |
| सम्पन्न | १२१ | १४ | ३ | १ |




**जम्मा योजना संख्या: १४२**

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

# राजश्व प्रक्षेपण र सङ्कलनको अवस्था




**लक्ष्य: ३२ लाख**

**सङ्कलन: ३१ लाख ७३ हजार**

*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

# *विषयगत क्षेत्रको भौतिक प्रगतीको अवस्था:*

## १. सामाजिक विकास: *(शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र सामाजिक सुरक्षा तथा संरक्षण)*





- सामुदायिक विद्यालयमा विश्व खाद्य कार्यक्रम सँगको साझेदारीमा १४ वटा निर्माण र २ वटा मर्मत गरी १६ वटा नयाँ भान्सा घर निर्माण
- स्थानीय/ रैथाने उपजलाई दिवा खाजामा प्रयोग गरिएको जसबाट २६९१ जना बालबालिका प्रत्यक्ष रुपमा लाभान्वित
- गाउँपालिका साक्षर पालिका घोषणा
- शैक्षिक बहस र पढाई मेलाको आयोजना
- २९ वटै सामुदायिक विद्यालयलाई सुधारिएको चुलो र भाँडावर्तन सहयोग
- एसईई को उत्तिर्ण दर ७५ प्रतिशत (३०८ जनामा २३१ जना पास)



- निशुल्क स्वास्थ्य बिमा कार्यक्रम बाट ४६९ घरधुरीका २३४५ जना प्रत्यक्ष लाभान्वित,
- मिति २०८२ असार ५ गते पालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा
- WFP र प्रदेश सरकारको सहयोगमा २३ महिना मुनिका बालबालिका गर्भवती र सुत्केरी गरी २११८ जनालाई ६३५४ केजी पोषिलो पिठो वितरण,
- पोषण सुरक्षा केन्द्रबाट ११५ जना कुपोषित बालबालिकाहरुको उपचार
- ७२ जना जेष्ठ नागरिक, गर्भवती महिला र अशक्त बिमारी निशुल्क एम्बुलेन्स सेवा बाट लाभान्वित,
- वडा नं ५ लाई आगामी आर्थिक बर्ष भित्र पोषणमैत्री र बालमैत्री वडा घोषणा गर्न गाउँकार्यपालिका वैठकको निर्णय र सोहि बमोजिमका कार्यक्रम सञ्चालन






- गाउँपालिका भित्रका १३ जना मानसिक असन्तुलन भएका नागरिकहरुलाई उद्दार गरी मानव सेवा आश्रम सुर्खेमा उपचारको व्यवस्था मिलाईएको,
- गाउँपालिका भित्रका १३ जना एकल पुरुषलाई बार्षिक ४ हजारका दरले भत्ता वितरण,
- सामाजिक कुप्रथा तथा विकृति विरुद्ध विभिन्न सचेतनात्मक कार्यक्रम सञ्चालन
- सामाजिक सुरक्षा कार्यक्रमबाट ३५६५ जनालाई भत्ता वितरण जसका लागि ७ करोड ६४ लाख २९ हजार वितरण,
- १० जना नागरिकलाई “ग” र “घ” वर्गको अपरुङ्गता परिचयपत्र वितरण, ***"बैंङ्क खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम"*** बाट ७९ जना छोरी लाभान्वित



तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

नयाँ पत्रिका

वि.सं २०८२ असार ३० सोमबार



मानदत्त रावल, जुम्ला
नयाँ पत्रिका
२०८२ असार ३० सोमबार १५:३६:००

तातोपानी गाउँपालिका– ४, नियापानी गाउँका १४ वर्षीय मुकेन्द्र सार्की अति असक्त अपांगता भएका व्यक्ति हुन् । उनी आफैँ हिँडेर स्कुलसम्म पुग्न सक्दैनन् । उनले विद्यालय पनि देखेका थिएनन् । यस्तै, तातोपानी गाउँपालिका– ५, श्रीनगर गाउँका १३ वर्षीय प्रकाश रोकाया एक बहुअपांगता भएका व्यक्ति हुन् । उनी बोल्न र हिँडडुल गर्न सक्दैनन् । उनी जन्मदेखि नै बहुअपांगता भएका व्यक्ति हुन् । उनी पनि आफैँ हिँडेर स्कुल पुग्न सक्ने अवस्था छैन ।

तातोपानी गाउँपालिका– ७, बाँरागाउँकी १४ वर्षीया सम्झना रावत पनि अपांगता [illegible]की

➢ जोखिममा रेहका बालबालिकाको हितका लागि पालिका स्तरमा सञ्चालन भएको बाल हित कोषमा रु ८ लाख जम्मा गरिएको र प्रत्येक वडामा समेत बालहित कोष स्थापना,

➢ किर्डाक नेपाल सँगको साझेदारीमा ७१४ जना बालबालिकालाई शैक्षिक सामाग्री सहित लत्ता कपडा सहयोग

➢ ४ जना अपाङ्गता भएका विद्यार्थीहरुका लागि किर्डाक नेपाल सँगको सहकार्यमा घरमै शिक्षकको व्यवस्था,

## २. आर्थिक विकासः *(कृषि, उद्योग, पर्यटन, सहकारी, जलस्रोत तथा सिचाई, वन र पशुपंक्षी विकास)*


- मार्सीधानमा ब्युटाकुलर प्रयोगमा पूर्ण निषेध। ब्युटाकुलर प्रयोग गर्ने २ जनालाई सामान्य कारवाही

- स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापनका लागि एकिकृत प्रतिवद्धता भइ कार्यान्वयन भइरहेको, ६ वटा सहकारी बाट २६ मे.टन खाद्यान्न दिवा खाजा मा उपलब्ध गराएको,

- विपन्न वर्गका २४ जनालाई आय आर्जनका लागि च्याउ तथा तरकारी बीउ तथा ४६० जनालाई बेमौसमी तरकारी बीउ किट वितरण,

- १६० जना कृषकलाई आकष्मिक रोग तथा किरा व्यवस्थापनका लागि जैविक विषादी खरिद, ५ वटा कृषक समूहका ३० जनालाई स्थानीय काली मार्सी धान संरक्षण तथा प्रवर्द्धनका लागि कृषकलाई अनुदानमा बीउ वितरण,

- सबै वडाका किसानहरुलाई किसान सूचिकृत कार्यक्रममा आवद्ध गर्ने काम सम्पन्न,



**तातोपानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिताकोट, जुम्ला**





corepati.com
राज्यवाट गुमनाम गिडिदहमा पहिलो पटक सरकारी टोली



❖ विपन्न वर्गका नागरिकको आय आर्जन वृद्धि गर्न १४ जनालाई सिलाई कटाई, जनता सँग अध्यक्ष कार्यक्रम मार्फत २० जनालाई ड्राईभिङ्ग लगायत कृषकलाई स्याउ बगैचा व्यवस्थापन र लघु उद्दम तालिम सञ्चालन,

❖ गिडिदह पर्यटन पदमार्ग निर्माण, गिडिदह-भलखोला-फुलचौंले सडक निर्माणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) कार्य सम्पन्न, तातोपानी धारामा पर्यटनमैत्री संरचना निर्माण

❖ स्थानीय सामाग्रीको प्रयोग गरी स्थानीय मौलिक शैलीमा १७ वटा मन्दिर/थान निर्माण कार्य सम्पन्न,

❖ एक सय भन्दा बढि भेडाबाख्रा पाल्ने ३२ जना कृषकहरुलाई प्रोत्साहन गोठालो भत्ता वापत प्रति महिना ५०० का दरले जम्मा २ लाख प्रदान

❖ १३ हजार पशु वस्तुमा PPR खोप सेवा उपलब्ध गराईएको साथै चालु आर्थिक बर्षमा जम्मा २२२५ वटा पशुपंक्षीको उपचारात्मक सेवा प्रदान,

❖ पशु स्वास्थ्य शिविर सञ्चालन बाट १७० घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित

## ३. पूर्वाधार तथा भौतिक विकासः *(यातायात,भवन,आवास तथा सहकारी विकास, उर्जा, संचार तथा सूचना प्रविधि, सम्पदा तथा प्रविधि, र पुनःनिर्माण)*

- आ.व. २०८१।०८२ मा विभिन्न अनुदानका जम्मा १६२ वटा आयोजना मध्ये १५९ वटाको कार्य सम्पन्न भई अन्तिम भुक्तानी भएको,
- स्वास्थ्य चौकी भवन २, वडा कार्यालय भवन २, सार्वजनिक शौचालय निर्माण १ सहित अन्य १५ वटा भौतिक संरचना निर्माण सम्पन्न
- सडक निर्माण (धुले, ग्राबेल, सोलिङ्ग,पिसिसि, आरसिसि)- ३२ वटा ११.४५ कि.मि
- सङ्घीय तथा प्रदेश कार्यालय सँगको समन्वयमा रङ्गशाला घेराबार, गाउँपालिका भवन तथा प्यारापिट, जेष्ठ नागरिक भवन र झोलुङ्गे पुल निर्माण,
- १२ वटा खानेपानी सम्बन्धी संरचना निर्माणबाट ११ सय घरधुरी लाभान्वित









- १५ वटा तटबन्धन आयोजना निर्माण बाट ५०० मिटर तटबन्धन निर्माण, २ वटा सामुहिक स्याउ खेति घेराबार

- ११ वटा सामुदायिक विद्यालयको व्यवस्थापन कार्यबाट ल्यापटप, CCTV, फर्निचर लगायतका सामाग्री सहयोग,

- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत चालु आ.व. मा १०६ घरधुरीलाई रु ५० हजारका दरले रकम भुक्तानी,

- राँका तरापी सडक निर्माण गरी आफ्नै पालिकाको भुगोल बाट वडा नं ७ र ८ सडक सञ्जालबाट जोडिएको

- गाउँपालिका भित्रको सडक सञ्जालले नछोएको एक मात्र वस्ती **थलाले**मा यसै आर्थिक बर्षमा पातरसाँगु देखि थलाले सम्म सडक निर्माण कार्य सम्पन्न पश्चात उक्त गाउँ समेत सडकको पहुँचमा पुगेको,

- वैकल्पिक उर्जा प्रवर्द्धन सँगको सहकार्यमा धौलापानी सिचाई लिफ्ट निर्माण, डाँगीवाडा लिफ्ट सिचाई मर्मत कार्य सम्पन्न भई सञ्चालनमा ल्याईएको,

- गाउँपालिकामा Smart Board जडान

- सबै वडा कार्यालयहरुमा ईन्टरनेट सेवा विस्तार

- न्यायिक शाखाको कार्य सम्पादन सहजताका लागि सफ्टवयर खरिद,



विद्युत बाट सञ्चालन हुने गरी निर्माण गरिएको धौलापानी लिफ्ट सिचाई आयोजनाको संरचना

## ४. सुशासन तथा संथागत विकास: *(कानुन तथा न्याय, मानव संशाधन विकास, प्रशासकीय सुशासन, तथ्यांक प्रणाली, श्रम तथा रोजगारी र शान्ती तथा सुव्यवस्था)*

- २५ वटा विभिन्न स्थानीय कानून निर्माण
- न्यायिक समितिबाट ६ वटा बालबिवाह सम्बन्धी सवालहरु समाधान, लागु पदार्थ दुर्व्यसनी विरुद्ध विद्यार्थीलाई सचेतना कार्यक्रम सञ्चालन,
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम तथा उक्त समितिलाई आयोजना हस्तान्तरण कार्यक्रम सञ्चालन, कर्मचारी तथा जनप्रतिनिधिलाई विभिन्न क्षमता विकास तालिम प्रदान,
- प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट आ.व. २०८१।८२ मा जम्मा १९४ जनाले औषतमा ९४ दिन रोजगारी प्राप्त गरेका र ९ जनाले पालिकाबाट श्रम स्विकृत सेवा प्राप्त गरेका

# तातोपानी गाउँपालिकामा सम्पन्न योजना समुदायलाई हस्तान्तरण

**जुम्ला ।** जुम्ला जिल्लाको तातोपानी गाउँपालिकामा निर्माण सम्पन्न भएका योजना समुदायलाई हस्तान्तरण गरेको छ ।



गाउँपालिकाले सय भन्दा बढी निर्माण सम्पन्न भएका योजना उपभोक्ता समितिका अध्यक्षमार्फत समुदायलाई गरिएको हो । गाउँपालिकाले निर्माण गरेका साना ठुला योजना दीर्घकालिन हुन् र यसको



तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

- कार्यसम्पादन करार सम्झौता बमोजिमको कार्यसम्पादन भएको,
- पालिकाको आफ्नै भवन बाट एकिकृत सेवा प्रवाह
- शान्ति सुव्यवस्था कायम राख्नका साथै विकासका काममा साझेदारी गर्न सुरक्षा निकाय सँग सहकार्य र समन्वय विस्तार

## व्यक्तिगत घटना दर्ता तर्फ

- जन्म:- ४४३






२९४

- सम्बन्ध विच्छेद:- ५



विवाह:-  २४५

- बसाई सरी आएको सदस्य संख्या:- ६४

बसाई सरी जाने सदस्य संख्या:- ५०



- रोजगार सेवा केन्द्रमा सुचिकृत बरोजगार संख्या:- ११३५



महिला: ११४३ पुरुष: ७९२

## स्व-मूल्याङ्कन विषयक्षेत्रहरु

| | |
|---|---|
| शासकीय प्रवन्ध | १०० |
| संगठन तथा प्रशासन | ९०.६३ |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ९५.४५ |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ९०.९१ |
| सेवा प्रवाह | १०० |
| न्यायिक कार्य सम्पादन | १०० |
| भौतिक पूर्वाधार | ९२.३१ |
| सामाजिक समावेशीकरण | ७० |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | १०० |
| सहकार्य र समन्वय | १०० |

तातोपानी गाउँपालिका
ाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा समग्र रुपमा ९३.७५% अंक प्राप्त,

हाम्रो कर्णाली

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन तातोपानी उत्कृष्ट

हाम्रो कर्णाली । ३० माघ २०८१, बुधबार २०:५८

34 Shares



nayakarnali.com
https://nayakarnali.com

## तातोपानी गाउँपालिका वित्त आयोगको कार्यसम्पादनमा प्रथम - नयाँ कर्णाली

Feb 13, 2025 — जुम्लाको तातोपानी गाउँपालिका राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्यांकनमा जुम्ला स्थानीय तह मध्य प्रथम भएको छ। राष्ट्रिय प्राकृतिक स्रोत...

# मूल्याङ्कन विषयक्षेत्रहरु

## स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA)

स्कोर प्रतिशत

**प्राप्त औषत अंक: ९०%**

- योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन — 97.62%
- कार्यान्वयन क्षमता तथा व्यवस्थापन — 94.83%
- लेखाङ्कन तथा प्रतिवेदन — 88.24%
- अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण — 81.25%
- राजस्व व्यवस्थापन — 82.35%

ी गाउँपा
लेकाको
कोट, जुम

सुखी र स

# मूल्याङ्कन विषयक्षेत्रहरु

## स्थानीय आर्थिक विकास (LED)

स्कोर प्रतिशत

**प्राप्त औषत अंक: ९२%**

- स्थानीय आर्थिक नीति तथा योजना — 93.75%
- आर्थिक विकास पूर्वाधार — 88.46%
- आर्थिक सशक्तिकरण — 93.75%
- उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन — 92.31%

## ५. वन वातारण तथा विपद् व्यवस्थापन

- घर बीमा कार्यक्रमबाट २१८६ घरधुरी लाभान्वित भएका छन् ।
- वडा नं ७ र ८ का ग्रामिण सडकहरुको मर्मत संभार गरी यातायात सुचारु
- जेष्ठ नागरिकहरुलाई न्यायनो कपडा वितरण
- किर्डाक नेपाल द्धारा सञ्चालित सहयात्रा परियोजना अन्तर्गत ३२ घरधुरीलाई पुग्ने गरी विपद् सामाग्री व्यवस्थापन र भण्डारण
- प्राकृतिक प्रकोपबाट ज्यान गुमाएका नागरिक, पशुवस्तु र न्युन आर्थिक अवस्थाका कारण ज्यान गुमाएका र उपचार गर्न नसक्ने गाउँपालिका भित्रका नागरिकलाई रु ७ लाख ६६ हजार राहत उपलब्ध गराईएको ।

## साझेदार संघ/संस्था


WFP
Save the Children
UNDP
Sarbodaya Development for Campaign Nepal
Sarbodaya Nepal, Jumla
2006
वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र
PACE-NEPAL
KIRDARC
together for social ju
तातोपानी गाउँपालिका
लिताकोट, जुम्ला
२०७३

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

# तातोपानी गाउँपालिकाको आव २०७४।७५ देखि २०७९।८० सम्मको बेरुजु विवरण

| आर्थिक वर्ष | असुल गर्नुपर्ने बेरुजु | अनियमित बेरुजु | प्रमाण कागजातपेश गर्नुपर्ने बेरुजु | पेश्की बेरुजु | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| २०७४।०७५ | १५लाख ८४हजार | १करोड ३९ लाख ६१ हजार | ४५ लाख ४० हजार | १२ लाख ६३ हजार | २ करोड १३ लाख ४८ हजार |
| २०७५।०७६ | ३०लाख११ हजार | १ करोड ७३ लाख १३ हजार | ५८ लाख १८ हजार | ३२ लाख ७ हजार | २ करोड ९३ लाख ४९ हजार |
| २०७६।०७७ | १० लाख ४ हजार | ५ लाख ६५ हजार | १३ लाख | १८ लाख १६ हजार | ४६ लाख ८५ हजार |
| २०७७।०७८ | ८ लाख ७ हजार | ३ करोड १२ लाख ९९ हजार | १ करोड २५ लाख २३ हजार | ३ करोड १२ लाख ९९ हजारु | ५करोड ४५ लाख ५ हजार |
| २०७८।०७९ | ६७ लाख १५ हजार | ३ करोड ८३ लाख १७ हजार | २ करोड ५० लाख ३४ हजार | १करोड ६४ लाख ९५ हजार | ८ करोड ६५ लाख ४६ हजार |
| २०७९।०८० | २ लाख ८ हजार | १ करोड २ लाख ९४ हजार | १३ लाख ७१ हजार | ३६ लाख ३ हजार | १करोड ५४ लाख ७६ हजार |
| २०८०।०८१ | २९ लाख ८३ हजार | २ करोड ३४ हजार ४५६ | ४९ लाख ६५ हजार ३५७ | २० लाख ९७ हजार ९१० | ३ करोड ८१ हजार २४६ |

**हालसम्मको जम्मा बेरुजु रकमः- २४ करोड २६ लाख ५७ हजार रहेको छ।**

तातोपानी गाउँपालिकाको बेरुजुको रकम फच्यौंटमा सहजिकरण गर्नका लागि बेरुजु फच्यौंट सहजिकरण समिति गठन गरिएको र उक्त समितिबाट असुल उपर गर्नुपर्ने बेरुजु रकम तत्काल असुल गर्न लगाई आगामी दिनमा बेरुजु रकम घटाउन प्रयास गर्ने।

*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*

# जिन्सी शाखा: खर्च भएर नजाने सामाग्रीहरुको मौज्दात अवस्था

| क्र. स. | जिन्सी सामानको नाम | ईकाई | परिमाण | दर |
|---|---|---|---|---|
| १ | एम्बुलेन्स | वटा | १ | ५९७३३० |
| २ | ल्यापटप | वटा | ७९ | १२७७५६७२ |
| ३ | मोटरसाईकल | वटा | ३७ | १४४९२७३८ |
| ४ | स्कुटर | वटा | ३ | ८०३७४६ |
| ५ | जीप | वटा | १ | ५३३५००० |
| ६ | डस्कटप कम्प्युटर | वटा | २० | ७९७८१५ |
| ७ | ट्र्याबलेट | वटा | २ | १०३०३१ |
| ८ | फोटोकपी मेशिन | वटा | ३६ | १३,४५,०६९ |
| ९ | प्रिन्टर | वटा | १९ | ५,८७,८७७ |
| १० | डिजिटल क्यामेरा | वटा | ४ | ४,४२,७७५ |
| ११ | CCTV | थान | १९ | ५८७८७७ |
| १२ | जिपिएस मेशिन | थान | ६ | १३९००० |
| १३ | प्रोजेक्टर | थान | ४ | २७८९२५ |

| क्र. स. | जिन्सी सामानको नाम | ईकाई | परिमाण | दर |
|---|---|---|---|---|
| १४ | साउण्ड सिस्टम | वटा | ५ | ६८२०० |
| १५ | स्क्यानर | वटा | २ | २१५०० |
| १६ | स्मार्ट बोर्ड | वटा | १ | ३७००७५ |
| १७ | जेनेटर | वटा | २ | २१२००० |
| १८ | सोलार प्यानल | वटा | ५४ | १४०२३३०१ |
| १९ | ईन्भर्टर | वटा | १८ | ६७२९३६ |
| २० | ग्यास हिटर | वटा | २५ | २९०२६० |
| २१ | अल्ट्रा साउण्ड मेशिन | वटा | १ | ५०८५०० |
| २२ | टोटल स्टेशन | वटा | १ | ३,००,०० |
| २३ | टेबल | वटा | ८० | ९,३१,३२५ |
| २४ | कुर्ची | थान | २४० | २०३७५० |
| २५ | दराज | थान | १५ | १८१४६९ |
| २६ | सोफासेट | थान | ४१ | १४६२४२१ |

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

# जिन्सी शाखा: खर्च भएर नजाने सामाग्रीहरुको मौज्दात अवस्था

| क्र. स. | जिन्सी सामानको नाम | ईकाई | परिमाण | दर |
|---|---|---|---|---|
| २७ | स्टिल दराज | वटा | ५५ | ४७२८९५ |
| २८ | Fire Extigusher | वटा | २० | १९९९९९ |
| २९ | ईमरजेन्सी बेड | वटा | १४ | ४९६७४८ |
| ३० | रिभल्विङ्ग चियर | वटा | ८१ | १९२७३६ |
| ३१ | टि टेबल | वटा | २४ | १४९७५३ |
| ३२ | बेन्च | वटा | १२ | ५३४६० |
| ३३ | अफिस टेबल | वटा | ४ | ५८२५० |
| ३४ | मिटिङ्ग टेबल | सेट | १ | ३,५०,३०० |
| ३५ | ग्यास सिलिन्डर | वटा | २३ | १३०७०६ |
| ३६ | विभिन्न सफ्टवयर | वटा | ७ | २७७३५८५ |
| ३७ | हाजिर मेशिन | थान | ७ | ६७८००० |
| ३८ | पानी फिल्टर | थान | ४ | १२५०० |

| क्र. स. | जिन्सी सामानको नाम | ईकाई | परिमाण | दर |
|---|---|---|---|---|
| ३९ | हिल ट्याङ्की | वटा | ४ | ३०००० |
| ४० | स्क्यानर | वटा | २ | २१५०० |
| ४१ | स्मार्ट बोर्ड | वटा | १ | ३७००७५ |
| ४२ | जेनेटर | वटा | २ | २१२००० |
| ४३ | सोलार प्यानल | वटा | ५४ | १४०२३३०१ |
| ४४ | ईन्भर्टर | वटा | १८ | ६७२९३६ |
| ४५ | ग्यास हिटर | वटा | २५ | २९०२६० |
| ४६ | रोष्टम | वटा | २ | १३५०० |
| ४७ | स्टील दराज | थान | ३ | ३१,००० |
| ४८ | डेलिभरी बेड | वटा | १ | ६८९३० |
| ४९ | Portable USG Eco Machine | थान | १ | १५६५०९६ |

**माथि उल्लेखित सामाग्री सहित अन्य सम्पुर्ण मौज्दात सामाग्रीहरुको मुल्य रु ६,९३,७३,४७२**

*“प्राकृतिक स्रोत र सम्पदाको खानी, सु*

# समस्या/चुनौति

- आर्थिक स्रोत र बजेट व्यवस्थापन
- मानव संशाधन सम्बन्धी चुनौती
- आयोजना निर्माण र सो को कार्यान्वयन
- नीतिगत अस्पष्टता
- प्रविधिको पँहुच र प्रयोगमा समस्या
- न्युन नागरिक सहभागिता र जनचेतनाको अभाव
- प्राकृतिक एंव भौगोलिक कठिनाई

तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट, जुम्ला




*"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"*



विद्यालय दिवा खाजाका लागि आवश्यक पर्ने खाद्यान्न ढुवानीका लागि तयारी गर्दै कृषि सहकारीका कमर्चारी




विद्यार्थीहरु दिवा खाजा खादैं रमाउदैं



साक्षर पालिका घोषणा सभाको एक झलक



मेलमिलाप केन्द्रका पदाधिकारीहरुलाई तालिम दिए पश्चातको सामुहिक फोटो

**तातोपानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिताकोट, जुम्ला**



सङ्घीय सरकारको सशर्त अनुदानमा वडा नं ८ मा बनेको कैलाश भियार मन्दिर




निर्माण कार्य पश्चात नेत्रज्योति मावि हाँकुको विद्यालय भवन



वडा नं ३ लिताकोटमा स्थानीय स्लेट प्रयोग गरेर निर्माण भएको बालधारो खानेपानी आयोजना



कुनाफोक्टो देखि गौतमवाडा सम्म सडक स्तरोन्नती वडा नं ४

# युवालाई उत्पादन र विकासमा जोड्दै तातोपानी

सागर परियार

जुम्ला- जुम्लाको तातोपानी गाउँपालिकाले युवा रोजगार वृद्धिका लागि नीति बनाउने भएको छ । बेरोजगारीको समस्यालाई मध्यनजर गर्दै उत्पादन, उद्यमशीलता, पर्यटन, कृषि तथा विकास क्षेत्रसँग युवालाई जोडेर रोजगारी वृद्धि गर्न तातोपानीले युवा रोजगार नीति बनाउने भएको हो ।

जिल्लामै पहिलो रोजगार संवाद मञ्च गठन गरेको तातोपानीले स्थानीय युवालाई रोजगारसँग जोड्न प्रक्रिया थालेको छ । तातोपानी गाउँपालिकामा गत आवमा २२ सय र चालु आवमा १६ सय युवा बेरोजगारका रूपमा सूचिकृत भएका छन् । सूचिकृत भएका मध्य अधिकांश युवाले रोजगारी पाएका छैनन् । प्रधानमन्त्री रोजगारको काम बाटोघाटो बनाउनेबाहेक अरु हुन सकेको छैन ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचिकृत बेरोजगार कामविहीन युवालाई रोजगारी प्रदान गर्न छुट्टै नीति नै बनाइने तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए । सूचिकृत युवालाई बाटोघाटो बनाउने मात्र नभई उत्पादनशील क्षेत्रमा जोडेर नै बेरोजगारी भएकाले बेरोजगारी घटाउन उत्पादनमुखी तथा युवामैत्री नीति निर्माणमा जोड दिन जरुरी छ । स्थानीयस्तरमा पाइने स्रोत साधनको अधिकतम प्रयोग गरी रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि तथा बजारीकरणमा वृद्धिमा पालिकाको प्राथमिकता छ ।'

मंगलबार तातोपानीमा आयोजित रोजगार संवाद मन्चको गोष्ठीमा सहभागी नागरिक अगुवा, उद्यमी, व्यवसायीले रोजगारी वृद्धिका लागि उद्यमशीलता, प्रविधि, हातेहोजियारी, सिलाइकटाइ, इलेक्ट्रोनिक व्यवसाय, कृषि उत्पादन, पर्यटन प्रवर्द्धन विकास निर्माणलगायतका विभिन्न क्षेत्रसँग बेरोजगार युवालाई जोडेर आयआर्जन वृद्धि गर्ने खालको ठोस नीति बनाउन सुझाव दिए ।

तातोपानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले पालिकाबाट हुने हरेक विकास निर्माणका काममा अनिवार्य सूचिकृत युवाको सहभागिता हुने खालको नीति बनाउनु पर्ने बताए । साथै उत्पादनशील क्षेत्रसँग जोडेर युवालाई सीप र प्रविधि दिनुपर्नेमा समेत जोड दिए ।

रोजगार संयोजक सरिता शर्माले तातोपानीमा बेरोजगारीको



# तातोपानी जुट्यो विपद् पूर्वतयारी तथा प्रतिकार्यमा

राजधानी संवाददाता
जुम्ला

जुम्लाको तातोपानी गाउँपालिका विपद् प्रतिकार्यको पूर्वतयारीमा जुटेको छ । यो वर्षको मनसुन यही ३१ जेठबाट असोज १७ सम्म रहनेछ । यो समयभित्र १८ लाख जनसंख्या प्रभावित हुने अनुमान गरिएको छ । मनसुन अवधिमा अत्यधिक वर्षाका कारण बाढीपहिरो र डुबानबाट देशभर ४ लाख १२ हजार घरपरिवारका १८ लाखभन्दा बढी जनसंख्या प्रभावित हुने अनुमान गरिएको छ । यो प्रक्षेपण पछि तातोपानी गाउँपालिका तत्काल विपद् प्रतिकार्यको पूर्वतयारीमा जुटेको हो ।

तातोपानी गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिले आजको बैठकबाट ६ वटा महत्त्वपूर्ण निर्णय गरेको तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए । बाढी, पहिरोलगायतका मनसुनजन्य विपद्लाई ध्यानमा राख्दै खाद्य संस्थानसँग समन्वय गरी २ सय क्विन्टल खाद्यान्न तयारी अवस्थामा राख्ने निर्णय गरिएको अध्यक्ष चौलागाईंले बताएका छन् । विपद्मा यस्तै तातोपानीका युवासमेत परिचालन गर्ने तथा उद्धार सामग्री, लत्ता कपडा पहरी चौकी र तातोपानी ७ क्यरकोटमा राख्ने निर्णय गरिएको अध्यक्ष चौलागाईंले जानकारी दिए ।

**राष्ट्रिय कार्ययोजना पारित**

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार परेको पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८१ सोमबार पारित भएको छ । जुम्लाको तातोपानी गाउँपालिकाले विगतका विपद्का घटना पछिको अनुभवमा टेकेर विपद् व्यवस्थापन र प्रतिकार्य योजना बनाउने भएको छ । केही वर्षयता निरन्तर बाढी, पहिरोले जनधनको क्षति गरिरहँदा तातोपानी गाउँपालिकाले मनसुन सुरु नहुँदै विपद् व्यवस्थापन र प्रतिकार्य योजना निर्माण थालेको छ ।

२०७९ साल असोज १९ देखि २५ गतेसम्मको अविरल वर्षाले व्यापक क्षति गरेको थियो । त्यस बखत जोखिमपूर्ण बस्ती सुरक्षित सामुदायिक विद्यालयमा सार्नुपरेको थियो । निकट भविष्यमा विपद् प्रतिकार्यका लागि तातोपानी गाउँपालिकामा स्वयंसेवक ब्युरो गठन गरिने भएको छ । गाउँपालिकाले बनाएका विपद् सम्बन्धिका ऐनबारे जनप्रतिनिधि र सरोकारवालालाई अभिमुखीकरण गर्ने तातोपानी गाउँपालिकाका सूचना अधिकारी ऋषिकेश उपाध्यायले नयाँ कर्णालीलाई जानकारी दिए ।

# असारे विकास रोक्न कार्यसम्पादन सम्झौता

जुम्ला (कास)- असारे विकास रोक्न जुम्लाको तातोपानी गाउँपालिकाले कार्यसम्पादन करार सम्झौता गरेको छ ।

जिल्लाका आठ स्थानीय तहमध्ये वैशाखमै अन्तिम भुक्तानी दिएर सक्ने अभियानमा अघि बढेको तातोपानीले असारे विकास रोक्न, गुणस्तरीय पूर्वाधार बनाउन र पुँजीगत खर्च बढाउन कार्यसम्पादन सम्झौता गरेको हो ।

गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाई र प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतबीच चालु आव २०८१/०८२ का लागि कार्य सम्पादन सम्झौता भएको छ । असारे विकास रोक्ने, पुँजीगत खर्च बढाउने, सेवा प्रवाह र सुशासनलाई चुस्त बनाउनेलगायतका ३६ बुँदे कार्य सम्पादन करार सम्झौता भएको गाउँपालिका अध्यक्ष चौलागाँईले बताए ।

'तातोपानी समृद्धिको यात्रामा अघि बढिरहेको छ । पाँच वर्षलाई सेवा प्रवाह र विकासको वर्ष मनाएका छौँ' उनले भने, 'विनियोजित कार्यक्रमको कार्यान्वयनमा जोड दिन, जनताको सेवाप्रति उत्तरदायी बनाएको छ । लगानी अनुसार वार्षिक उपलब्धी हासिल गर्न कार्यसम्पादन सम्झौताको अभ्यास सुरु गरेका छौं । यसले काम गर्न सहज बनाएको छ ।'

३६ बुँदे कार्यसम्पादन करार सम्झौता मा विकास निर्माणका कार्यक्रम कार्यान्वयन गरी कम्तीमा ८० प्रतिशत वित्तीय प्रगती गर्नुपर्ने, योजना सम्झौता तथा कार्यान्वयन लाई प्रभावकारी बनाउनुपर्ने, प्रत्येक महिनाको प्रगती कार्यपालिकामा पेश गर्नुपर्ने, पालिकाका सबै योजनाको कार्यम्पादन वैशाख मसान्तसम्म सक्नु पर्ने, तथ्यांक संकलन, प्रत्येक चौमासिकमा सार्वजानिक सुनुवाईलगायतका काम गर्ने उल्लेख छ ।

चालु आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित बजेट तथा कार्यक्रमको शत प्रतिशत कार्यान्वयन गर्न, नागरिकमैत्री सेवा प्रवाह गर्न, विषयगत शाखाका कार्यक्रम प्रभावकारी बनाउन, जनप्रतिनिधि र कर्मचारीबीचको समन्वय सहकार्यलाई थप प्रगाढ बनाउन कार्य सम्पादन सम्झौता टेवा पुऱ्याएको अध्यक्ष चौलागाईंको भनाइ छ । उनका अनुसार कार्यसम्पादन सम्झौतानुसार सबै विषयगत शाखाले भनेकै बेला आफ्नो प्रगती समस्या चुनौती कार्यपालिका समक्ष पेश गर्नुपर्ने ।

अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन सम्झौता छुट्टै र प्रमुख प्रशासकीय अधिकृत र विषयत शाखा प्रमुखबीच कार्यसम्पादन करार सम्झौता छुट्टै भएको छ । प्रमुख प्रशासकीय अधिकृत कठायले पालिकास्थित कृषि, पशु, महिला तथा बालबालिका, शिक्षा, स्वास्थ्य, लघुउद्यम, पोषण, सूचना प्रविधिलगायतका शाखा प्रमुखसँग करार सम्झौता भएको बताए ।

सम्झौता बमोजिम विनियोजित कार्यक्रमको प्रभावकारी सञ्चालन गर्ने प्राप्त उपलब्धीसहितको प्रतिवेदन आवश्यकतानुसार शाखा प्रमुखहरुले बुझाउनु पर्ने सम्झौतामा उल्लेख छ । कार्यसम्पादन सम्झौताले कर्मचारीलाई काम प्रति थप जिम्मेवार बनाउने योजना शाखा प्रमुख ओमबहादुर चन्दले बताए । उनले भने, 'कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहमध्ये पहिलो पालिकाका रुपमा तातोपानीले थालेको कार्यसम्पादन सम्झौताले विकास निर्माण र सेवा प्रवाहमा तातोपानीमा अब्बल बन्दै गएको छ । कर्णालीमै तातोपानी वैशाखमै अन्तिम भुक्तानी सक्नेसमेत पहिलो पालिका हो । यसको निरन्तरता जरुरी छ ।'

कर्णालीकै ७९ पालिका मध्ये तातोपानीमा भएको कार्यसम्पादन सम्झौता नयाँ अभ्यास हो । यसले कर्मचारीलाई कामप्रति जिम्मेवार बनाउनुका साथै जनताको सेवा र अपेक्षित उपब्धी हासिल गर्नसमेत प्रेरित गरेको तातोपानीकी उपाध्यक्ष रेवती रावलले बताइन् ।

# सडक सञ्जालमा जोडियो तातोपानीको थलाले गाउँ



सागर परियार

जुम्ला- तातोपानी गाउँपालिकाको सबैभन्दा विकट बस्ती थलाले गाउँ सडक सञ्जालमा जोडिएको छ । तातोपानी गाउँपालिका-८ को भौगोलिक रूपमा निकै विकट थलाले गाउँ वर्षौंपछि सडक सञ्जालमा जोडिएको हो ।

निर्माण सम्पन्न भएको उक्त जोखे आटीदेखि थलालेसम्मको सडक मंगलबार गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाई, प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले संयुक्त रूपमा उद्घाटन गरे भने गाउँमा पहिलो पटक गाडी पुगेपछि थलालेवासीले भव्य स्वागत गरेका छन् ।

स्थानीय सरकार सञ्चालन भएको सात वर्ष बितिसक्दा पनि सडक नपुगेको थलाले गाउँमा वर्षौंपछि सडक पुग्दा थलालेवासी खुसी भएका छन् । थलाले निवासी युवा नवराज शाहीको विशेष पहलमा सडक निर्माण सम्पन्न भएको छ । गाउँमा सडक पुग्यो विकास पुगेको अनुभूति भयो । सडक नहुँदा दुःख हामीले पायौं, हाम्रा छोरा नातिले दुःख नपाउने भया । यही कुराले खुसी छौं ।'

थलालेका स्थानीय ६० वर्षीय दीर्घबहादुर शाहीले भने, 'पहिलो पटक गाउँमा गाडी पुग्यो । योभन्दा अगाडि मोटरसाइकल ट्र्याक्टर पुगिसकेका थिए । अब दैनिक गाडी नआया पनि दुःख बिरामी पर्दा मोटरसाइलमै भए पनि लिन सकिने भयो ।' त्यस्तै थलाले गाउँका ५८ वर्षीय लालबहादुर शाहीले गाउँमा पहिलो पटक गाडि पुगेपछि जीवनका कयौं वर्ष उकाली ओराली गर्दै रातोपिरो अनुहार लगाएर पिठ्युँमा भारी बोकेका दिन सम्झिए ।

'यति विकट गाउँमा सडक पुग्ला । गाडी आउला भन्ने कल्पना पनि थिएन,' उनले भने, 'गाउँपालिकाले सडक पुऱ्यायो । बल्ल घरघरमा जनताको सरकार आएको अनुभूति भयो । विटक थलाले गाउँलेका सुखका दिन आए ।'

समुद्री सतहदेखि २७ सय ८० मिटर उचाइमा अवस्थित थलाले गाउँमा आफ्नो कार्यकालमा सडक पुऱ्याउन पाउँदा तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईले खुसी व्यक्त गरे । 'विकासमा विकट गाउँलाई प्राथमिकता दिनुपर्ने मान्यताअनुसार थलालेमा सडक पुऱ्याएका हौं । अब तातोपानीका कुनै गाउँ सडक पुग्न बाँकी छैनन् ।'

अध्यक्ष चौलागाईले भने, 'चुनावका बेला म थलाले पुग्न सकेको थिइन । तर पहिलो पटक पुगेको गाडीसँगै थलाले पुगें । थलालेमा बाटो, बत्ती र सञ्चार नपुऱ्याए थलाले नजाने बाचा गरेको उनले सम्झिए । निर्वाचित भएको साढे दुई वर्षमा विकट थलालेलाई सडक, बत्ती र सञ्चारको पहुँचमा पुऱ्याएर मात्र गाउँमा आएको छु । भेरी खोलालाई विशेष क्षेत्र घोषणा गरेर विकास निर्माण गरिरहेको छु ।'

प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले सडक विकासको मेरुदण्ड भएकाले थलाले गाउँ सडकमा जोडिनु गौरवको विषय भएको बताए । अब थलाले गाउँको दैनिकी सहज हुने अपेक्षा व्यक्त गरे । अहिलेसम्म सडक पहुँच नपुगेको थलालेमा पालिकाले सडक निर्माण गरी जनताको आवश्यकता पूर्ति गरेको उल्लेख गरे ।

तातोपानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले तीन प्याकेज गरी उक्त सडक निर्माण गरिएको बताए । उनले भने, 'थलालेमा सडक पुऱ्याउन सम्भव हुन्न कि भन्ने सोचेका थियौं । तर स्थानीयको सक्रियतामा विकट गाउँमा सडक पुग्यो । गाउँमा पहिलो पटक गाडी पुग्यो । यो भेरी खोला क्षेत्रका लागि ऐतिहासिक विकास हो । सडकको सुरक्षामा स्थानीयले ध्यान दिन आवश्यक छ ।'

तातोपानीका प्राविधिक शाखा प्रमुख झिल्ली बुढाका अनुसार करिब डेढ करोड लगानीमा सडक निर्माण गरिएको बताए । यो सडकमा पूर्वाधार कार्यालय र तातोपानीको संयुक्त लगानी छ । पहिलो प्याकेजमा १५ लाख, दोस्रो प्याकेजमा २५ लाख, तेस्रो प्याकेजमा ५० लाख र चौथो प्याकेजमा ४० लाख बढी रकम लगानी भएको छ ।

उनका अनुसार पाथरखोलादेखि थलाले गाउँसम्म उक्त सडकको दूरी ४.७१ किलोमिटर रहेको छ । जसमा चालु आर्थिक वर्षमा १८ सय २५ मिटर सडक निर्माण गरिएको छ । इन्जिनियर बुढाले भने, 'सडक स्टकचरको काम धेरै बाँकी छ । पक्की पर्खाल, नाला तथा अन्य फिनिसिङको काम गर्न बाँकी छ । पूर्वाधार विकास कार्यालयले काम गर्दै छोड्दै गरेको छ ।'

तातोपानी-८ का वडाध्यक्ष नरवीर रावतले विकट थलाले गाउँ सडकमा जोडिनु भेरीखोला क्षेत्रकै ऐतिहासिक क्षण भएको बताए । उनका अनुसार सडक बत्ती, सञ्चार सबै पुगिसकेको छ । अब स्वास्थ्य सेवा लिन कठिन भएकाले त्यसतर्फ तातोपानी गाउँपालिकालाई ध्यान दिन अनुरोध गरे ।



# कार्यसम्पादन मूल्यांकनमा तातोपानी उत्कृष्ट



सागर परियार

जुम्ला- कार्यसम्पादन मूल्यांकनमा तातोपानी गाउँपालिका जिल्लाकै उत्कृष्ट भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष ...

**कार्यसम्पादन मूल्यांकनमा विराटनगर महानगर दोस्रो**

विराटनगर (कास)- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्यसम्पादन मूल्यांकनमा महानगरतर्फ विराटनगर महानगरपालिका दोस्रो भएको छ ।

...

# तातोपानीको अर्धवार्षिक प्रगति
# १२ योजना निर्माण, एक करोड २१ लाख अन्तिम भुक्तानी

सागर परियार

जुम्ला- जिल्लाका अन्य पालिकाले योजनामै सम्झौता प्रक्रिया अघि नबढाएको अवस्थामा जुम्लाको तातोपानी गाउँपालिकाले नो बटा योजना निर्माण गरी अन्तिम भुक्तानी दिएको छ । चालु आवको पुस मसान्तसम्म १२ वटा योजना निर्माण सम्पन्न गरी नौवटा योजनाको अन्तिम भुक्तानीसमेत भइसकेको छ ।

अर्धवार्षिक प्रगति विवरणनुसार तातोपानीले ६ महिनामा १२ वटा योजना निर्माण सम्पन्न गरेकामा नौवटा योजनाको एक करोड २१ लाख बजेट अन्तिम भुक्तानी गरिसकेको प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले बताए । जसमा वडा नं ३ को कार्कीवाडा कालिका थान निर्माण तीन लाख, वडा नं भुयार थान निर्माण रोड म्यामिन निर्माण एक लाख, वडा नं ८ मा नदेदेवि आविदेखि देउलीसम्म गोरेटो बाटो निर्माण, दुई लाख अन्तिम भुक्तानी गरिएको छ ।

त्यस्तै वडा नं ८ मा जोखे आटीदेखि थलालेसम्म सडक स्तरोन्नति योजना निर्माण सम्पन्न गरी ५० लाख अन्तिम भुक्तानी गरिएको छ । त्यस्तै वडा नं ७ को जनजागृती मावि व्यवस्थापन कार्यक्रममा तीन लाख, वडा नं ५ को श्रीनगर चौरदेखि चीन सेराडिलसम्म तटबन्ध निर्माणमा १३ लाख, वडा नं ५ मै श्रीनगर सडक बत्ती योजनामा आठ लाख ५० हजार, उक्त वडाकै गहडाखोला तटबन्ध निर्माणमा तीन लाख र वडा नं ८ को बालाङटाङदेखि बुङतडी तटबन्ध निर्माण आयोजना सम्मपन्न गरी ३५ लाख बजेट अन्तिम भुक्तानी दिइएको छ । ८ वटा वडा रहेको तातोपानीले पालिकाभित्रको भौगोलिक विकटतालाई मध्यनजर गर्दै भेरीखोला क्षेत्रको पूर्वाधार विकासलाई पहिलो जोड दिएको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईले बताए ।

असारे विकासलाई निरुत्साहित गर्ने अभियान थालेको तातोपानीले हरेक वर्षको अन्तिम भुक्तानी ढिलोमा वैशाख मसान्तमै सक्ने लक्ष्य लिएका छौं । अध्यक्ष चौलागाईले भने, 'चालु आवमा कार्यान्वयन हुने कुल १३७ वटा योजना तथा कार्यक्रममध्ये ६ महिनासम्म ७१ योजना सम्झौता भएका छन् । सम्झौता भएका योजनामध्ये १२ वटा योजना निर्माण सम्पन्न भई नौ योजनाको अन्तिम भुक्तानी गरेका छौं भने २० वटा योजनाका लागि पेश्की रकम दिइएको छ । अबको एक महिनामा योजना सम्झौता सकेर कार्यान्वयन प्रक्रिया अघि बढाउँछौं ।'

केही योजना निर्माणका लागि जग्गा प्राप्ति गर्न बाँकी रहेकाले सम्झौता हुन ढिलाइ भएको छ । यद्यपि जग्गा प्राप्तिका लागि स्थानीय नागरिकसँग पालिकाले समन्वय गरिरहेको अध्यक्ष चौलागाईंको भनाइ छ ।

तातोपानी गाउँपालिका उपाध्यक्ष रेवती रावलले पालिकाको पूर्वाधार विकासलाई गुणस्तर बनाउन अनुगमन संयोजकका हिसावले अनुमगन निरीक्षण तथा गुणस्तर मापनलाई जोड दिएको बताइन् । उनका अनुसार आन्तरिक आय वृद्धिको दायरालाई फराकिलो बनाई राजस्व परिचालनमा जोड दिइएको छ । चालु आवको ६ महिनामा तातोपानीले १७ लाख ५३ हजार राजस्व संकलन गरेको छ । त्यस्तै जिल्लामै पहिलो दुई हजार एक सय घरधुरी घर बीमा कार्यक्रमबाट लाभान्वित भएका छन् । ६ महिनामै तातोपानीले पूर्वाधार विकासमा लिएको गतिले सुशासन तथा पारदर्शितामा थप टेवा पुऱ्याएको छ ।

अर्धवार्षिक खर्च २७ प्रतिशत

तातोपानी गाउँपालिकाको अर्धवार्षिक बजेट खर्च २७ प्रतिशत भएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को अर्धवार्षिक बजेट खर्च २७.३२ प्रतिशत बजेट खर्च भएको हो । तातोपानी गाउँपालिका गाउँसभाको १६औं अधिवेशनमा प्रस्तुत अर्धवार्षिक भौतिक तथा वित्तीय प्रगतिअनुसार कुल विनियोजित बजेटमध्ये चालुतर्फ ३३.३२ प्रतिशत, पुँजीगततर्फ १५.२४ प्रतिशत बजेट खर्च भएको छ ।

चालु र पुँजीगततर्फ तातोपानी गाउँपालिकाले चालु आर्थिक वर्षमा ५४ करोड ७५ लाख रुपैयाँ विनियोजन गरेकामा चालु आवको ६ महिनामा १४ करोड ३२ लाख रुपैयाँ खर्च भएको छ । तातोपानी गाउँपालिका उपाध्यक्ष रेवती रावलले १६औं अधिवेशनमा प्रस्तुत गरेको विवरणनुसार कुल १७ करोड आठ लाख पुँजीगत बजेटमध्ये ६ महिनामा दुई करोड ६० लाख रुपैयाँ खर्च हुँदा चालुतर्फ विनियोजित ३५ करोड ३४ लाखमध्ये ११ करोड ७२ लाख खर्च भएको देखिन्छ ।

साथै तातोपानी गाउँपालिका गाउँसभाको १६औं अधिवेशन विभिन्न नीति पारित गर्दै सम्पन्न भएको छ । विधायन अधिवेशनका रूपमा सञ्चालन हुने हिउँदे अधिवशेनमा विशेषगरी नयाँ नीति पारित र पुरा नीति संशोधन गरिन्छ । यसैबीच तातोपानी गाउँपालिकाको १६औं अधिवेशनले नयाँ १५ र २ वटा संशोधनसहित १७ वटा कार्यविधि, ऐन पारित गरेको छ भने अर्धवार्षिक प्रगतिलाई अनुमोदनसमेत गरेको छ ।

**आठ करोडको लगानीमा च्याउ उद्योग सञ्चालन**

नवलपरासी (रासस)- पश्चिम नवलपरासीको परासीमा संयुक्त लगानीमा च्याउ उद्योग सञ्चालनमा आएको छ ।

कुल आठ करोड लगानीमा स्थापना गरिएको सो उद्योगले मासिक २० टन डल्ले च्याउ उत्पादन गर्ने जनाइएको छ । रामग्राम नगरपालिका-६ पोखरापालीमा स्थापित सो उद्योगलाई युवा व्यवसायी कमल कसौधन, लवकुश वर्मा र सुनिल वर्माको टिमले उद्योग सञ्चालनमा ल्याएका हुन् । रामग्राम नगरपालिका-६ जौरहीमाई पार्कको उत्तर पट्टि करिब १६ कट्ठा क्षेत्रफलमा उद्योग सञ्चालन गरिएको सञ्चालक कसौधनले बताए ।

बाह्रै महिना नै उत्पादन गर्न सकिने कुल २० टनसम्म मासिक उत्पादन हुने डल्ले च्याउको स्वदेश र विदेशसमेतमा उच्च माग रहेको सञ्चालकले बताएका छन् । पछिल्लो समय परासी आसपासको क्षेत्र औद्योगिक करिडोर पनि बन्दै छ । नवलपरासीको सदरमुकाम परासीमा साना, मझौला र ठूला उद्योग खुल्ने क्रम जारी छन् ।

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

